# कपुरकोट गाउँपालिका
# कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित
# स्थानीय राजपत्र

**भागः ३ संख्याः १७  मितिः २०८१/०३/०६**

## कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०८१"

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०३/०६

प्रमाणिकरण मितिः २०८१/०३/०६

प्रस्तावना :

कपुरकोट गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको र यस पालिकाका अधिकांश मानिसहरु मुख्य पेशाको रुपमा कृषिलाई अबलम्बन गरेको अबस्था हुनुको साथै कृषकहरुलाई उनीहरुले उत्पादन गरेको कृषि उपजहरुको उत्पादनका आधारमा आर्थिक प्रोत्साहन तथा सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा ब्यबसायीलाई संगठित गरि बजारमा गुणस्तरीय तरकारी, फलफूल र मसलाजन्य बस्तु बिक्रि गरे बापत बिक्रिको परिमाणका आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले कपुरकोट  गाउँपालिकाले स्थानीय सरकार सरकार संचालन ऐन २०७४ दफा १०२ को उपदफा ११ २(ण)  र प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को अधिकार प्रयोग गरी कपुरकोट गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरि लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१)यस कार्यविधिको नाम "**कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०८१**"रहेको छ ।

(२)यो कार्यबिधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा र व्याख्या:**

(क)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कपुरकोट गाउँकार्यपालिका सम्झनुपर्छ।

(घ)"गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(छ) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि गाउँपालिकाबाट कुनै किसान वा कृषि संस्थालाई प्रदान गरिने आर्थिक सहयोग र कार्यक्रम सहयोग समेतलाई जनाउने छ ।

(ज)"कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि आफ्नै जग्गामा वा कसैको जग्गा करारमा लिई कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि सम्बन्धी उद्योग, कृषि सहकारी, कृषि फर्म र कृषि व्यवसायी समेतलाई सम्झनुपर्छ ।

(झ)"उत्पादक" भन्नाले कृषि बालीबस्तु उत्पादन गर्ने कृषक वा समूह / वा कम्पनी वा उद्योग वा कृषि फर्म वा सहकारीलाई सम्झनुपर्दछ ।

(ञ)"तरकारी" भन्नाले काउलि, साग, सिमि, बोडी, केराउ, बन्दा, भेडे खुर्सानि, ब्रोकाउलि, चिचिन्नो, लौका, आलु, गोलभेडा, धिरौला, फर्सी, भान्टा लगायतका तरकारीको रुपमा प्रयोग हुने बस्तुलाई जनाउछ।

(ट) "फलफूल" भन्नाले कागती, किवी, लिची, आँप, अनार, सुन्तला, ड्रागन फ्रुट, केरा लगायतका फलफूलको रुपमा प्रयोग हुने बस्तुलाई सम्झनु पर्दछ ।

(ठ)"मसलाजन्य बस्तु" भन्नाले लसुन, अदुवा, खुर्सानी, धनिया, प्याज बेसार लगायतका मसलाको रुपमा प्रयोग हुने बस्तुलाई सम्झनु पर्दछ ।

(ड) "कृषक समूह" भन्नाले २५ देखि ३० जना कृषक मिलेर कपुरकोट गाउँपालिकामा दर्ता भएको समूह भन्ने सम्झनु पर्दछ ।

(ढ)"पशुपंक्षीजन्य उत्पादन" भन्नाले बाखा, कुखुरा, भैंसी ,बङ्गुर, भेडा, हाँस लगायतका जनावर तथा पंछीहरूबाट उत्पादन हुने मासु र गाई,भैंसीको दुध उत्पादन समेतलाई जनाउनेछ ।
(ण) "हाट बजार "भन्नाले कपुरकोट कृषि उपज सङ्कलन केन्द्र र सो मातहतका अन्य पालिकामा दर्ता भएका उप केन्द्रहरुलाई सम्झिनुपर्दछ।

(त)"सफ्टवेयर प्रणाली" भन्नाले कृषि उपज सङ्कलन केन्द्र र उपकेन्द्रहरूमा वस्तु बिक्री वितरणको अभिलेख प्रविष्ट गर्न प्रयोगमा ल्याइएको सफ्टवेर प्रणालीलाई सम्झिनुपर्दछ।

## परिच्छेद-२

## कार्यविधिका उदेश्यहरु

**३.कार्यविधिको उद्देश्यहरु देहायबमोजिम हुनेछन,**

(१) यस गाउँपालिका भित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप ब्यबसायी बन्न प्रेरित गर्दै गाउँपालिका स्तरीय कृषि उत्पादनमा बृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान वितरण गर्ने।

(२)कृषि उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मकका रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोत विकशित गर्ने ।

(३) साना किसानहरुलाई संगठित गरी सहकारीमा आबद्ध गराई उत्पादित कृषि उपजलाई बजारमा बिक्रि तथा प्रबर्द्धन गर्ने

(४) कृषि उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई लगानीलाई सुनिश्चितता प्रदान गर्ने र कृषि फर्म टिकाई राख्न उत्प्ररित गर्ने ।

(५)पहुँचको भरमा अनुदान प्राप्त गर्ने परिपाटीको अन्त्य गरी वास्तविक किसान तथा कृषि सहकारिलाई सहुलियत अनुदान बितरण गर्ने ।

## परिच्छेद ३

## फोकल निकायको छनौट सम्बन्धि ब्यबस्था

**४.सहकारी, संकलन केन्द्र तथा कृषक समूहको छनौट विधि:**

(१)अनुदान वितरणको लागि सहकारी संस्था,संकलन केन्द्र तथा कृषक समूह छनौट गरि गाउँपालिकासंग उत्पादनमा आधारीत अनुदान वितरण सम्वन्धि दुईपक्षिय सम्झौता गर्न छनौट गरिनेछ ।

(२) यस कार्यक्रमको शुरुवातमा पालिकाद्वारा कृषि उत्पादनमा आधारित अनुदान वितरणका लागि प्रत्येक वडामा कम्तिमा एक वटा कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहहरु तोकिने छ । त्यसैगरी तोकिएको कृषि सहकारी, तथा कृषक समूहलाई गतिशिल बनाउन पालिका /वडाबाट आवश्यक सहयोग गरिनेछ ।

(३) उपदफा (१) बमोजिम छनौट भएको सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह र गाउँपालिका बिच अनुदान वितरण गर्ने गराउने सम्बन्धमा कम्तिमा २ बर्षको लागि दुई पक्षिय सम्झौता हुनेछ।

(४) कृषि सहकारी, संकलन केन्द्र तथा  कृषक समूहद्वारा कृषि उपजहरुको दैनिक खरिद तथा बिक्रीको रेकर्ड तोकिएबमोजिमको ढाँचामा प्रत्येक किसानहरुको अभिलेख गाउँपालिकाले तोकेको सफ्टवयर प्रणालीको माध्यमबाट राख्नुपर्नेछ ।

(५)कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाबाट निर्धारित कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा तोकिएबमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ र  सो कृषि सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह मार्फत कृषि उपजको कारोबार गर्नुपर्नेछ ।

(६)अन्यत्र जुनसुकै लेखिएको भएतापनि गाउँपालिका भित्रका कृषि सहकारी तथा समूहहरूले कृषकहरूको उत्पादन बिक्री वितरण गर्ने आफ्नै भरपर्दो र प्रणालीमा आधारित प्रणालीको विकास नगरेसम्म कपुरकोट कृषि उपज बजार सञ्चालक समितिले प्रयोगमा ल्याएको सफ्टवेरको आधारमा मात्र उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ।उक्त प्रणालीमा आबद्द नभएका कृषकहरुलाई कार्यविधि बमोजिमको अनुदान उपलब्ध गराइनेछैन ।

(७) सान्दर्भिकता र आवश्यकताको आधारमा  संकलन केन्द्र,कृषक समुह वा सहकारीलाई थप गर्ने वा सम्झौता रद्द गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

## परिच्छेद ४

## अनुदान बितरण सम्बन्धि ब्यबस्था

**५. अनुदान बितरण सम्बन्धी बिशेष व्यवस्थाः-**

(१) गाउँपालिकाले अनुसूची (१) बमोजिमको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा सुचिकरण हुने सम्बन्धिको सूचना प्रत्येक बर्षको जेठ मसान्त भित्र कम्तिमा १ महिनाको अवधि राखेर प्रकाशित गर्नुपर्नेछ।

(२) कृषकहरुले बाली तथा अन्य कृषि बस्तुहरु उत्पादन गरि सहकारी, संकलन केन्द्र तथा कृषक समूह मार्फत बिक्रि गरी कृषि उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका निम्ति गाउँपालिका भित्रका कृषक, कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहले अनुसूची (२) बमोजिमको ढाँचामा कार्यक्रममा आबद्ध हुन प्रत्येक बर्षको असार मसान्त भित्र निवेदन पेश गर्नुपर्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम परेका निवेदनहरु उपर छानविन गरि श्रावण १० गतेभित्र योग्य लाभग्राहीहरुको बिवरण स्विकृत गरि गाउँपालिकाले प्रयोगमा ल्याएको आधिकारिक सफ्टवयर प्रणालीमा प्रविष्ठ गर्ने व्यबस्था मिलाउनुपर्नेछ ।

(४) पालिकाद्वारा निर्धारित सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूहले सफ्टवयर प्रणालिमा निर्धारण गरेबमोजिमको ढाँचामा कृषकहरुको खरिद अभिलेख, दैनिक बिक्रि बिल र सहितको विवरण प्रत्येक बर्षको मंसिर मसान्तभित्र समितिसमक्ष पेश गर्नुपर्नेछ ।

(५) एउटै आर्थिक वर्षमा एउटै उत्पादन वितरणमा आधारित अनुदान वा अन्य कुनै प्रकारको अनुदान प्राप्त कृषकलाई उत्पादनमा आधारित अनुदान प्रदान गरिने छैन ।

(६) गाउँपालिकाद्वारा कृषकहरुको बैंक खातामा मार्फत अनुदान रकम EFT मार्फत भुक्तानी गरिनेछ ।

(७) अनुदान वितरण सम्बन्धि अन्य व्यबस्थाहरु गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**६.अनुदान व्यवस्थापन समितिको व्यवस्था :**

**उत्पादनमा आधारित अनुदान निर्धारण र बितरण गर्ने कार्यलाई ब्यबस्थित र नियमन गर्नका लागि तपशिल बमोजिमको एक अनुदान ब्यबस्थापन समिति रहनेछ ।**

**गाउँपालिका अध्यक्ष ........................ संयोजक**

**गाउँपालिका उपाध्यक्ष .........................सदस्य**

**प्रमुख प्रशासकिय अधिकृत .................. सदस्य**

**पालिकाले नियुक्त गरको १ जना कृषि विज्ञ .......सदस्य**

**कृषि उपज बजार संचालक समितिको अध्यक्ष वा प्रतिनिधि............ सदस्य**

**पालिकास्तरिय उधोग बाणिज्य संघ वा सम्वन्धित संस्थामो प्रतिनिधि........ सदस्य**

**किसानहरुको साझा संस्था वा कार्यपालिकाले तोकेको १ जना अगुवा किसान ....सदस्य**

**कृषि बिकास शाखा प्रमुख ..................................................सदस्य सचिव**

७.अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क) अनुदान मापदण्डको तर्जुमा, व्याख्या र बिश्लेषण गर्ने।

ख) आवश्यक परे छुट्टै मूल्यांकन कार्यदल गठन गर्ने र अनुदान पाउने लाभग्राहिको रकम सहितको बिवरण तयार पारी कार्यपालिकामा पेश गर्ने ।

ग) आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने गराउने ।

घ) समय समयमा अनुगमन गरी सम्बन्धित निकाय र सरोकारवालाहरुलाई आवश्यक निर्देशन दिने ।

ङ) प्रत्येक बर्ष गाउँपालिकाले उत्पादनमा आधारित अनुदान वितरण गर्ने प्रयोजनका लागि विनियोजन गरेको बजेट फाँटवारी गरि प्रत्येक बर्ष माघ मसान्तभित्र गाउँपालिकालाई अनुदान रकम र प्राप्त गर्ने किसानहरुको विवरण तयार पारेर गाउँपालिकालाई सिफारिस गर्ने ।

च) प्रत्येक वर्ष सुचिकरणका लागि आवेदन पेश भएका आवेदनहरुमाथि आवश्यक छानविन वा अध्ययन गरि लाभग्राहीहरुको विवरण निश्चित गर्ने ।

छ) गाउँ कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

८) **अनुदान वितरण सम्बन्धि अन्य ब्यबस्थाहरु:**

१) फर्जी विवरण वा कागजातहरु बनाएर वा अरुले उत्पादन गरेको उत्पादन खरिद गरी बिक्री गरेको देखाई अनुदान प्राप्त गर्ने काम गरेमा त्यस्तो कसुर गर्नेलाई प्रचलित कानुन बमोजिम कारबाही गरी प्राप्त गरेको अनुदानसमेत असुल उपर गरिनेछ।

२) अनुदान प्राप्त गर्ने लाभग्राहीहरूले अनिवार्य तोकेको बैंकमा खाता खोलेको हुनुपर्नेछ र अनुदान रकम बैंकिङ प्रणालीबाट मात्र भुक्तानी गरिनेछ।

३) सामान्यतया यस कार्यविधि बमोजिमको अनुदान प्रत्येक वर्षको माघ महिनाभित्र समितिबाट सिफारिस भएर फाल्गुन मसान्तभित्र पालिकावाट सम्बन्धित किसानहरुलाई वितरण गरिसक्नुपर्नेछ।

४) उपदफा (३) बमोजिमको अनुदान प्राप्त गर्न प्रत्येक वर्ष असार मसान्तभित्र कृषकहरू कृषि उपज बजार संकलन केन्द्र वा तोकीएको कृषि सहकारी वा संस्थाहरुमा रहेको सफ्टवयर प्रणाली मार्फत सूचीकरण भइसक्नुपर्नेछ।

## परिच्छेद ५

## विविध

**९) प्रचलित कानुन बमोजिम हुने:**

यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित नेपालको कानुन बमोजिम हुनेछन् ।

**१०) बाधा अड्काउ फुकाउ:**

यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**११) खारेजी र बचाउः**

यस कार्यविधिका प्रावधानहरू संघ, प्रदेशको कानुनसँग बाँझिएमा बाझिएको हदसम्म खारेज हुनेछ भने कपुरकोट गाउँपालिकाले आवश्यक ठानेमा यो कार्यविधि खारेज पनि गर्न सक्नेछ ।

अनुसुची (१)

**दफा (५)को उप दफा (१) सँग सम्बन्धीत**

**कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा सुचिकरण हुने सम्बन्धिको सूचना ॥**

**मिति :२०८./.../.....**

कपुरकोट गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०......को स्वीकृत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक कृषि फर्म वा किसानहरुले यो सूचना प्रकाशन भएको मितिले १ महिना अर्थात............... असार ३० गतेभित्र कपुरकोट गाउँपालिकाको कृषि उपज बजार संकलन केन्द्र वा तोकिएका उपकेन्द्रहरुमा रितपुर्वक आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ ।

<u>आवश्यक कागजातहरु</u>

१. अनुसुची २ अनुसारको ढाँचामा निवेदन,

२. वडा कार्यालयको सिफारिश,

३. कृषी फर्महरुहकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी,

४. कृषकहरु व्यक्तिगत विवरण र जग्गा तथा सम्भावित उत्पादनको विवरण ।

**अनुसूची (२)**

**दफा (५)को उपदफा (२) सँग सम्बन्धित**

**कृषि फर्म ,कृषक वा कृषक समूहले सुचिकरणको लागि पेश गर्ने आवेदनको ढाँचा**

मिति २० । ।

श्री कार्यालय प्रमुख ज्यू,

कृषि उपज बजार संकलन केन्द्र

कपुरकोट सल्यान ।

**विषयः उत्पादनको आधारमा अनुदान कार्यक्रममा सुचिकरण गरि** पाउँ ।

महोदय,

प्रस्तुत विषयमा कपुरकोट गाउँपालिकाको कार्यालयले मिति ...........मा प्रकाशन गरिएको सूचना अनुसार कपुरकोट गाउँपालिका वडा.नं..... मा कृयाशिल कृषि फर्म / कृषक समूह/ किसान ............. ले ...............बाली/उपजहरुको उत्पादनमा यस बर्ष सहभागी भएकोले उत्पादनको आधारमा अनुदान स कार्यक्रममा समावेश हुन इच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित सुचिकरणको लागि आवेदन पेश गरेको छु ।

**तपशिल**

१ कृषकहरुको नागरिकताको फोटोकपि

२ वडा कार्यालयको सिफारिश,

३. कृषि फर्मकोहकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी,

४. कृषकहरुको जग्गा उत्पादनको आइटम र सम्भावित उत्पादनको विवरण,

५. सहकारी/संकलन केन्द्र तथा कृषक समुहको हकमा अभिलेखको प्रतिलिपि,

६. समितिको हकमा कार्यक्रम माग सम्बन्धि कार्यकारीणि समितिको निर्णयको प्रतिलिपि ।

निवेदक

नाम, थर :

पद :

संस्थाको नाम :

ठेगाना :

छाप :

मोबाइल नं

## अनुसूची( ३)

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धीत)**

**उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि सहकारी संस्था /संकलन केन्द्र तथा कृषक समूह र कपुरकोट गाउँपालिका बिच भएको संझौता पत्र**

कपुरकोट गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीकरण र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि तपशिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने कपुरकोट गाउँपालिका र दोश्रो पक्ष भनिने......... सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूह बिच तपशिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौं /दियौं ।

**संझौताका शर्तहरु**

१. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्था, केन्द्र तथा समूहमा कृषकको खेती विवरणको अभिलेख राखी सूचीकृत प्रत्येक वर्ष असार मसान्तभित्र गर्नुपर्नेछ ।

२. सम्बन्धित सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले सूचिकृत भएका कृषकहरुको कृषि उपजको बिक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचामा तोकिएको सफ्टवयर प्रणालीको प्रयोग गरी अभिलेखीकरण गर्नुपर्नेछ ।

३. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले दैनिक कारोबारको अभिलेखिकरण पालिकाले तोकेको मूल्यको आधारमा राख्नुपर्नेछ पालिकाले प्राथमिकतामा राखेर तोकेका कृषि तथा पशुजन्य बाहेकको अभिलेख सो ढाँचामा राखिने छैन ।

४. अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजात सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

५. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा पेश भएको बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको आधार मानी कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि २०८१ को परिच्छेद ३ (५) को दफा ४ बमोजिम तोकिएका बाली बस्तुमा सोही बमोजिम अनुदान रकम सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहमा आवद्ध कृषकहरुको बैक खातामा सिधै भुक्तानी गरिनेछ ।

६. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा राखिएको खरिद बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुठ्ठा ठहरिएमा सो सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहलाई पालिकाद्वारा कालोसूचीमा राखिनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| **पहिलो पक्षको तर्फबाट सही गर्ने** | **दोश्रो पक्षको तर्फबाट सही गर्ने** |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |
| मिति: | मिति: |
| सम्पर्क नं. : | सम्पर्क नं. : |
| छाप : | छाप : |

...........................
आज्ञाले
भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत